मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर,प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

प.स २०७७/०७८
च.नंः

मितिः २०७८/०२/२३

**विषयः Vero Cell खोप संचालनका लागि उमेर समुह संशोधन सम्बन्धि सूचना**

कोभिड १९ बिरुद्धको Vero Cell खोप लगाउने सम्बन्धमा यस कार्यालयबाट मिति २०७८/०२/२३ गतेको प्रकाशित सूचना अनुसार मिति २०७८/०२/२५ गते देखि ६० देखि ६४ वर्ष उमेर समुहका व्यक्तिले निश्चित खोप केन्द्रमा गई खोप लगाउन अनुरोध गरिएकोमा स्वास्थ्य कार्यालय प्यूठानको च.नं. ५५७ मिति २०७८/०२/२३ गतेको पत्रबाट जिल्लामा लक्षित जनसंख्याको आधा मात्र खोप प्राप्त भएको र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ६२ देखि ६४ वर्ष उमेर समूहका नागरिकलाई खोप सेवा दिन निर्देशन भएको हुँदा थप खोप प्राप्त भएमा भविष्यमा ६२ वर्ष मुनिको उमेर समुहलाई समेत खोप सेवा दिईने भएकोले हाललाई ६२ देखि ६४ वर्ष उमेर समूहका नागरिकलाई तपशिलको खोप केन्द्रमा गई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरि खोप लगाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | खोप लगाउने मिति | समय | खोप केन्द्र स्थान |
|---|---|---|---|
| १. | २०७८/०२/२५ गते | विहान १० बजे देखि बेलुका ४ बजे सम्म | देवीस्थान स्वास्थ्य चौकी |
| २. | २०७८/०२/२६ गते | विहान १० बजे देखि बेलुका ४ बजे सम्म | तिराम स्वास्थ्य चौकी<br>मर्काबाङ्ग स्वास्थ्य चौकी |
| ३. | २०७८/०२/२७ गते | विहान १० बजे देखि बेलुका ४ बजे सम्म | उदयपुरकोट स्वास्थ्य चौकी |
| ४. | २०७८/०२/२८ गते | विहान १० बजे देखि बेलुका ४ बजे सम्म | रम्दी स्वास्थ्य चौकी |

ध्रुव कुमार पोखेल
जनस्वास्थ्य निरिक्षक

प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
प्यूठान

फोन: ०८६-४६००१०
०८६-४६०४५१
०८६-४६०४६५
०८६-४६०६९०
प्यूठान न.पा.-४, बिजुवार

पत्र सङ्ख्या:- २०७७/०७८ चलानी नम्बर:- ५५७

मिति:- २०७८/०२/२३

विषय:- **Vero Cell खोप सञ्चालनका लागि उमेर समूह संशोधन सम्बन्धमा।**

श्री नगरपालिका/गाउँपालिका
सबै, प्युठान।

प्रस्तुत विषयमा नेपाल सरकारले नागरिकहरुको उमेर समूह अनुसार प्राथमिकता निर्धारण गरी कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन गर्दै आएको र सोही बमोजिम यस कार्यालयको च.नं. ५४७ मिति २०७८/०२/१९ गतेको पत्रबाट मिति २०७८/०२/२५ गतेदेखि ६० वर्षदेखि ६४ वर्ष उमेर समूहका सबै नागरिकलाई निश्चित खोप केन्द्रमा कोभिड-१९ विरुद्धको Vero Cell खोप सेवा सञ्चालनको तयारी गर्न अनुरोध गरिएकोमा जिल्लामा लक्षित जनसङ्ख्याको आधा मात्र Vero Cell खोप प्राप्त भएको र नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट ६२ देखि ६४ वर्ष उमेर समूहका नागरिकलाई खोप सेवा दिन निर्देशन भएको हुँदा थप खोप प्राप्त भएमा भविष्यमा ६२ वर्षमुनिको उमेर समूहलाई समेत खोप सेवा दिइने भएकोले हाललाई मिति २०७८/०२/२५ गतेबाट ६२ देखि ६४ वर्ष उमेर समूहका नागरिकहरुलाई मात्र Vero Cell खोप सेवा सञ्चालन गर्नुहुन अनुरोध छ। साथै यसअघि काठमाडौं उपत्यकामा Vero Cell को पहिलो मात्रा लगाएकालाई खोपकार्ड हेरी दोस्रो खोपको मात्रा दिने र सोको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्नुहुन समेत अनुरोध छ।

(मधु सुधन खड्का)
निमित्त स्वास्थ्य कार्यालय प्रमुख

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय
खलङ्गा, प्युठान।